# प्रदेश राजपत्र

लुम्बिनी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ४) मुकामः बुटवल, फागुन २० गते, २०७७ साल (अतिरिक्ताङ्क १६

## भाग ३

### प्रदेश सरकार

## मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको सूचना

प्रदेश सरकार (मन्त्रिपरिषद्) को मिति २०७७।१०।२९ को निर्णयानुसार "प्रदेश प्रशिक्षण प्रतिष्ठान विनियमावली, २०७७" सम्बन्धी सूचना सम्बन्धित सबैको जानकारीका लागि प्रकाशित गरिएको छ ।

प्रदेश प्रशिक्षण प्रतिष्ठान (गठन तथा कार्य संचालन) आदेश, २०७७ को दफा २८ ले दिएको अधिकार प्रयोग गरी परिषद्‌ले बनाएको देहायका विनियमहरू प्रदेश सरकारले स्वीकृत गरेको छ।

## परिच्छेद - एक

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी विनियमहरुको नाम "प्रदेश प्रशिक्षण प्रतिष्ठान विनियमावली, २०७७" रहेको छ।

(२) यो विनियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विनियमावलीमा,

(क) "**गठन आदेश**" भन्नाले प्रदेश प्रशिक्षण प्रतिष्ठान (गठन तथा कार्य सञ्चालन) आदेश, २०७७ सम्झनु पर्छ।

(ख) "**कर्मचारी**" भन्नाले प्रतिष्ठानको कर्मचारी सम्झनु पर्छ।

(ग) "**परिषद्**" भन्नाले गठन आदेशको दफा ६ बमोजिमको प्रशिक्षण परिषद् सम्झनुपर्छ।

(घ) "**कार्यकारी समिति**" भन्नाले गठन आदेशको दफा ९ बमोजिमको कार्यकारी समिति सम्झनु पर्छ।

(ङ) "**कार्यकारी निर्देशक**" भन्नाले गठन आदेशको दफा १२ बमोजिम नियुक्त कार्यकारी निर्देशक सम्झनु पर्छ।

(च) "**प्रशिक्षण कार्यक्रम**" भन्नाले प्रदेश र स्थानीय तहका सरकारी निकाय र संस्थानहरूमा निर्वाचित, मनोनित तथा नियुक्त पदाधिकारी र कर्मचारीहरूका लागि क्षमता अभिवृद्धि गर्ने सम्बन्धी प्रतिष्ठानबाट सञ्चालन गरिने तालिम, प्रशिक्षण

तथा अभिमुखीकरण कार्यक्रम सम्झनु पर्छ र सो शब्दले प्रशिक्षण पद्धति, पाठ्यक्रम, प्रशिक्षण सामग्री निर्माण गर्न गरिने कार्य र सार्वजनिक तथा निजी संस्थासँगको साझेदारीमा वा त्यस्तो संस्थाले खर्च बेहोर्ने गरी सञ्चालन गरिने प्रशिक्षण कार्यक्रमलाई समेत जनाउँछ।

## परिच्छेद - दुई

## कार्यकारी समितिको बैठक सम्बन्धी कार्यविधि

३. **कार्यकारी समितिको बैठक सम्बन्धी कार्यविधि** (१) कार्यकारी समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(२) कार्यकारी समितिको अध्यक्षले बैठकको अध्यक्षता गर्नेछ।

(३) अध्यक्ष सहित बहुमत सदस्य उपस्थित भएमा कार्यकारी समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(४) कार्यकारी समितिको अध्यक्षले समितिको बैठकका निर्णयहरु प्रमाणित गर्नेछ।

(५) कार्यकारी समितिले बैठकमा आवश्यकता अनुसार विज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

(६) कार्यकारी समितिको बैठकमा उपस्थित समितिका पदाधिकारी तथा आमन्त्रित सदस्यले प्रचलित नियम अनुसारको बैठक भत्ता पाउनेछन्।

## परिच्छेद - तीन

## कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार

४. **कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकारः** गठन आदेशको दफा १४ मा उल्लेख भएका काम, कर्तव्य र अधिकारका अतिरिक्त कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रतिष्ठानको कार्यकारी निर्देशकको रुपमा दैनिक कार्य सञ्चालन गर्ने,

(ख) प्रतिष्ठानको लेखा उत्तरदायी अधिकृतको रुपमा काम गर्ने,

(ग) प्रदेशको आर्थिक, सामाजिक, सांस्कृतिक तथा प्रशासनिक परिवेश र आवश्यकतासंग अनुकुल सैद्धान्तिक एवं व्यवहारिक दृष्टिकोणबाट उपयोगी प्रशिक्षण विधि, सामग्री तथा कार्यक्रम तर्जुमा गर्ने,

(घ) प्रशिक्षणको पद्धति, पाठ्यक्रम, सामग्री तथा कार्यक्रम निर्धारण गर्न आवश्यकता अनुसार सर्वेक्षण गर्ने,

(ङ) प्रतिष्ठानले सञ्चालन गर्ने प्रशिक्षणको पाठ्यक्रम, कार्यक्रम र वार्षिक कार्यतालिका कार्यकारी समिति मार्फत स्वीकृतिको लागि परिषद् समक्ष पेश गर्ने,

(च) प्रशिक्षार्थीहरूको समूह तथा विषयको प्रकृति हेरी उपयोगी तथा प्रभावकारी आधुनिक प्रशिक्षण प्रविधिहरू प्रशिक्षण कार्यमा प्रयोग गर्ने,

(छ) प्रतिष्ठानमा कार्यरत कर्मचारीहरूको कामको सुपरिवेक्षण गरी आवश्यक निर्देशन दिने,

(ज) प्रतिष्ठानको उद्देश्य प्राप्तिका लागि अन्य आवश्यक कार्य गर्ने।

## परिच्छेद - चार

## कार्यकारी निर्देशकको सेवा, सुविधा तथा सहुलियत

**५. पारिश्रमिकः** (१) कार्यकारी निर्देशकलाई गठन आदेशको दफा १२ को उपदफा (७) मा व्यवस्था भए बमोजिमको मासिक पारिश्रमिक दिईनेछ।

**६. आवास सुविधाः** (१) कार्यकारी निर्देशकलाई प्रतिष्ठानले आवासको लागि सरकारी आवासको वन्दोवस्त गर्नेछ।

(२) उपविनियम (१) बमोजिमको आवासको बन्दोवस्त हुन नसकेमा वा प्रतिष्ठानमा आवासको लागि प्रयोग हुन सक्ने संरचना नभएको सुनिश्चित भएमा वा प्रतिष्ठानको कार्यालय रहेको जिल्लाको २० कि.मि दुरी भित्र कार्यकारी निर्देशकको आफ्नो घरबास नभई भाडामा बस्नुपर्ने भएमा अनुसूचीमा उल्लेखित रकम सम्मको आवास सुविधा प्रतिष्ठानले उपलब्ध गराउनेछ।

(३) यस विनियमावली बमोजिमको सुविधा कार्यकारी निर्देशकलाई आफ्नो पदावधी समाप्त भएको मितिले सात दिनसम्म दिईनेछ।

(४) सरकारी आवास वा प्रतिष्ठानले उपलब्ध गराएको आवासमा बस्ने कार्यकारी निर्देशकलाई यस विनियमावली बमोजमको रकम उपलब्ध गराईने छैन।

(५) आवासको निमित्त सरकारी घरको व्यवस्था नभएमा शुरुमा फर्निचरको व्यवस्थाको लागि एकमुष्ठ रुपमा अनुसूचीमा उल्लेख भए बमोजिमको रकम खर्च गर्न सकिनेछ।

(६) उपविनियम (५) बमोजिम खरिद भएको फर्निचरको प्रतिष्ठानले सरकारी जिन्सी सरह लगत राख्नुपर्नेछ।

(७) उपविनियम (५) बमोजिमको खर्च एक कार्यकालमा एक पटक मात्र गर्न सकिनेछ।

७. **सञ्चार सुविधाः** कार्यकारी निर्देशकलाई मोवाइल, टेलिफोन, इन्टरनेट, पत्रपत्रिका खर्च वापत सञ्चार सुविधाको रुपमा अनुसूचीमा उल्लेख भएबमोजिमको रकम उपलब्ध गराईनेछ।

८. **पानी, विजुली महसुल खर्चः** कार्यकारी निर्देशकलाई पानी तथा बिजुलीको महसुल वापत अनुसूचीमा उल्लेख भएबमोजिमको रकम उपलब्ध गराईनेछ।

तर सरकारी आवास वा प्रतिष्ठानले उपलब्ध गराएको आवासमा बस्ने कार्यकारी निर्देशकलाई यो रकम उपलब्ध गराईने छैन।

९. **लुगा भत्ता**ः कार्यकारी निर्देशकलाई प्रत्येक वर्षको चैत्र मसान्तमा अनुसूचीमा उल्लेख भए बमोजिमको लुगा भत्ता उपलब्ध गराईनेछ।

१०. **बैठक भत्ता**ः कार्यकारी निर्देशकलाई प्रचलित कानून बमोजिम प्रदेश सरकारको एघारौ तहको कर्मचारीले पाउने बराबरको बैठक भत्ता उपलब्ध गराईनेछ।

११. **चाडपर्व खर्च**ः (१) कार्यकारी निर्देशकले खाईपाई आएको एक महिनाको पारिश्रमिक बरावरको रकम चाडपर्व खर्च बापत उपलब्ध गराईनेछ।

(२) उपविनियम (१) बमोजिमको रकम कार्यकारी निर्देशकले एक आर्थिक बर्षमा एक पटक आफ्नो धर्म, संस्कृति र परम्परा अनुसार मनाउने मुख्य चाडपर्वको अवसरमा भुक्तानी लिन पाउनेछ।

१२. **सवारी तथा ईन्धन सुविधाः** (१) कार्यकारी निर्देशकलाई प्रदेश सरकारको खर्चको मापदण्डमा उल्लेखित समान तहको कर्मचारीलाई तोकिएको सीमाभित्र रही चालक सहित एक मोटर प्रतिष्ठानले उपलब्ध गराउनेछ।

(२) उपविनियम (१) बमोजिमको सवारी साधानको लागि अनुसूची बमोजिमको इन्धन र मोविल उपलब्ध गराईनेछ।

(३) यस विनियम बमोजिमको सुविधा कार्यकारी निर्देशकलाई निजको पदावधि समाप्त भएको मितिले सात दिनसम्म दिईनेछ।

१३. **दैनिक तथा भ्रमण खर्च तथा बीमाः** (१) कार्यकारी निर्देशकले आफ्नो जिम्मेवारी सम्बन्धी काममा  नेपाल भित्र वा बाहिर भ्रमण गर्दा  प्रचलित भ्रमण खर्च सम्बन्धी कानून बमोजिम प्रदेश सरकारको एघारौ तह वा सो सरहको कर्मचारी वा पदाधिकारीले पाउने दैनिक तथा भ्रमण खर्च पाउनेछ।

१४. **भ्रमणको स्वीकृति तथा मनोनयनः** (१) कार्यकारी निर्देशकले सात दिनसम्मको प्रदेश भित्रको भ्रमण आदेश आफैले स्वीकृत गर्नेछ। प्रदेश बाहिर र सात दिन भन्दा बढीको भ्रमण आदेश भए प्रमुख सचिवबाट स्वीकृत गराउनुपर्नेछ।

(२) कार्यकारी निर्देशक प्रतिष्ठानको कामको लागि विदेश भ्रमण गर्नुपरेमा परिषदले मनोनयन गर्नेछ। परिषद्को मनोनयन सम्बन्धी निर्णय बमोजिम प्रमुख सचिवबाट बैदेशिक काज स्वीकृत गर्नुपर्नेछ।

१५. **बीमा खर्चः** (१) कार्यकारी निर्देशकलाई सरकारी कामको सिलसिलामा नेपाल भित्र वा बाहिर भ्रमण गर्दा भ्रमण अवधीको १० लाख बराबरको प्रिमियम बापतको रकम बीमा खर्च भुक्तानी गरिनेछ।

१६. **बिदाः** कार्यकारी निर्देशकले देहायका बिदा पाउनेछः-

(क) भैपरी आउने बिदा,

(ख) पर्व बिदा,

(ग) घर बिदा,

(घ) बिरामी बिदा,

(ङ) किरिया बिदा,

(च) प्रसुति बिदा,

(छ) प्रसुति स्याहार बिदा।

१७. **भैपरी र पर्व बिदाः** (१) कार्यकारी निर्देशकले प्रत्येक वर्ष पूरा पारिश्रमिक सहितको छ दिन भैपरी आउने बिदा र छ दिन पर्व बिदा लिन पाउनेछ।

(२) एक वर्षको भैपरी र पर्व बिदा अर्को वर्षलाई संचित गर्न पाइने छैन।

(३) भैपरी र पर्व बिदा आधा दिन समेत लिन पाइनेछ।

१८. **घर बिदाः** (१) कार्यकारी निर्देशकले काम गरेको अवधिको बाह्र दिनको एक दिनको दरले पूरा पारिश्रमिक सहितको घर बिदा पाउनेछ।

**स्पष्टिकरणः** यस विनियमावलीको प्रयोजनको लागि "काम गरेको अवधि" भन्नाले भैपरी विदा र पर्व विदामा बसेको दिन र सार्वजनिक बिदाको दिनलाई समेत जनाउनेछ।

(२) उपविनियम (१) बमोजिमको घर बिदा बढीमा एक सय बीस दिनसम्म संचित गरी राख्न सकिनेछ।

(३) उपविनियम (२) बमोजिम संचित रहेको घर बिदा वापत कार्यकारी निर्देशकले पदमा नरहेमा आफूले खाईपाई आएको पारिश्रमिकको दरले हुन आउने रकम एकमुष्ट लिन पाउनेछ।

१९. **बिरामी बिदाः** (१) कार्यकारी निर्देशकले प्रत्येक वर्ष बाह्र दिनका दरले पारिश्रमिक सहितको बिरामी बिदा पाउनेछ।

(२) उपविनियम (१) बमोजिमको बिरामी बिदा नलिएमा संचित हुँदै जानेछ

(३) उपविनियम (२) बमोजिम संचित रहेको बिरामी बिदा वापत कार्यकारी निर्देशक पदमा नरहेमा आफूले खाईपाई आएको पारिश्रमिकको दरले हुन आउने रकम एकमुष्ट लिन पाउनेछ।

२०. **किरिया बिदाः** कार्यकारी निर्देशक आफैले किरिया बस्नु पर्दा कुल धर्म वा संस्कार अनुसार बढीमा पन्ध्र दिनको पारिश्रमिक सहितको किरिया बिदा पाउनेछ।

२१. **प्रसूति बिदाः** (१) प्रतिष्ठानको महिला कार्यकारी निर्देशकले प्रसूतिको अघि र पछि गरी अन्ठानब्बे दिन प्रसूति बिदा लिन पाउनेछ।

(२) उपविनियम (१) बमोजिमको बिदा लगातार रुपमा लिनुपर्नेछ र त्यस्तो बिदा लिएको अवधिको पुरा तलब पाईनेछ।

२२. **प्रसूति स्याहार बिदाः** (१) कार्यकारी निर्देशकको पत्नी सुत्केरी हुने भएमा त्यस्तो सुत्केरीको अघि वा पछि गरी पन्ध्र दिन प्रसूति स्याहार बिदा लिन पाउनेछ।

(२) प्रसुति स्याहार बिदामा बस्ने कार्यकारी निर्देशकले पूरा तलब पाउनेछ।

२३. **बिदा दिने पदाधिकारीः** (१) भैपरी बिदा र पर्व बिदा कार्यकारी निर्देशक आफैले स्वीकृत गर्न सक्नेछ।

(२) अन्य बिदाको सम्बन्धमा कार्यकारी निर्देशकले प्रमुख सचिवबाट बिदा स्वीकृत गराउनु पर्नेछ।

२४. **उपचार खर्च** (१) कार्यकारी निर्देशक पदिय कामको सिलसिलामा दुर्घटनामा परी निजको दुर्घटना भई अंगभंग भई वा चोटपटक लागि अशक्त भएमा वा गंम्भिर वा कडा खालको रोग लागि उपचार गराउनुपर्ने अवस्था भएमा प्रदेश सरकारले उपयुक्त लागेको उपचार खर्च सहायता स्वरुप उपलब्ध गराउन सक्नेछ।

२५. **सुविधा लागु हुनेः** यस विनियमावली बमोजिमका सुविधा कार्यकारी निर्देशकले प्रतिष्ठानमा हाजिर भई कार्यभार सम्हालेको दिन देखि लागु हुनेछ।

## परिच्छेद —पाँच

## प्रशिक्षण र प्रशिक्षक सम्बन्धी व्यवस्था

२६. **प्रशिक्षणको विषयवस्तुः** (१) प्रतिष्ठानले प्रदेश र स्थानीय तहको आवश्यकतालाई सम्बोधन गर्ने गरी प्रशिक्षणको विषयवस्तु निर्धारण गर्नेछ।

(२) प्रतिष्ठानले व्यवहारिक अभ्यास समेत दिलाउने गरी प्रशिक्षण कार्यक्रम सञ्चालन गर्नेछ।

२७. **तालिम प्रशिक्षक सम्बन्धी व्यवस्थाः** (१) प्रतिष्ठानले प्रशिक्षण कार्यक्रम सञ्चालन गर्दा दक्ष विज्ञलाई विषयगत रुपमा तालिम प्रशिक्षकको रुपमा लिन सक्नेछ।

(२) उपविनियम (१) बमोजिमका तालिम प्रशिक्षकहरुको सङ्ख्या प्रतिष्ठानको बार्षिक तालिम तथा कार्यक्रम र विषयगत क्षेत्रको आधारमा परिषद्ले निर्धारण गर्नेछ।

(३) उपविनियम (१) बमोजिमका तालिम प्रशिक्षकलाई प्रतिष्ठानले स्वीकृत वार्षिक कार्यक्रम अनुसार परामर्श सेवाबाट भर्ना गर्न सक्नेछ।

२८. **अध्ययन अनुसन्धान विज्ञ सम्बन्धी व्यवस्थाः** (१) प्रतिष्ठानले कुनै विषयमा अध्ययन अनुसन्धान गर्नु, गराउनु पर्दा प्रतिष्ठानको आन्तरिक जनशक्तिबाटै गराउनु पर्नेछ।

(२) उपविनियम (१) बमोजिम आन्तरिक जनशक्तिबाट मात्रै त्यस्तो अध्ययन अनुसन्धानको काम हुन नसक्ने अवस्था भएमा प्रतिष्ठानले विषय विज्ञहरु समेत रहेको समिति वा कार्यदल गठन गरी त्यस्तो कार्य गराउन सक्नेछ।

(३) उपविनियम (२) बमोजिमको समिति वा कार्यदलबाट पनि त्यस्तो अध्ययन अनुसन्धानको काम हुन नसक्ने अवस्था भएमा प्रतिष्ठानले परामर्श सेवा मार्फत अध्ययन, अनुसन्धानको काम गर्न सक्नेछ।

२९. **श्रोत व्यक्ति सम्बन्धी व्यवस्थाः-** (१) प्रतिष्ठानले सञ्चालन गर्ने तालिम तथा प्रशिक्षण कार्य गर्नको लागि विषयगत रुपमा दक्ष व्यक्तिलाई आगन्तुक प्रशिक्षक वा विज्ञको रुपमा आमन्त्रण गर्न सक्नेछ।

(२) उपविनियम (१) बमोजिम आमन्त्रित स्रोत व्यक्तिलाई प्रतिष्ठानले प्रदेश सरकारको सार्वजनिक खर्चको मापदण्ड बमोजिमको प्रशिक्षण भत्ता उपलब्ध गराउनेछ।

(३) प्रतिष्ठानले स्रोत व्यक्ति तथा विज्ञको रोष्टर तयार गरी प्रतिष्ठानको तालिम तथा प्रशिक्षण कार्यक्रम संचालन गर्न सक्नेछ र त्यस्तो

रोष्टर प्रत्येक वर्ष अद्यावधिक गर्नु पर्नेछ। तर कार्यकारी समितिले आवश्यक ठानेमा रोष्टरमा नाम समावेश नभएका व्यक्तिलाई पनि स्रोत व्यक्ति तथा विज्ञको रुपमा काम लगाउन बाधा पर्ने छैन।

३०. **ईन्टर्न वा स्वयम सेवकको रुपमा काम लगाउनेः** (१) प्रतिष्ठानको बार्षिक कार्यक्रम अनुसारको आवश्यकतासंग मिल्ने विषयमा कम्तिमा स्नातकोत्तर गरेका व्यक्तिलाई प्रतिष्ठानले आफ्नो आवश्यकता अनुसार प्रतिष्ठानको प्रशिक्षण कार्यक्रम र अध्ययन अनुसन्धानका क्रियाकलापमा बढीमा ६ महिनाको लागि ईन्टर्न  वा स्वयम् सेवकको रुपमा काममा लगाउन सक्नेछ।

(२) उपविनियम (१) बमोजिम ईन्टर्नको रुपमा कार्यरत व्यक्तिलाई पारिश्रमिक वा अन्य कुनै सुबिधा उपलब्ध गराईने छैन। तर प्रतिष्ठानले नेपाल सरकार, प्रदेश सरकार, विश्वविद्यालय, विकास साझेदार, संघ/संस्था वा निकायसंग ईन्टर्नको रुपमा रहने व्यक्तिलाई पारिश्रमिक वा अन्य सुविधा उपलब्ध गराउने भनी सम्झौता गरेकोमा सोही बमोजिम हुनेछ।

(३) उपविनियम (१) बमोजिम स्वयम् सेवकको रुपमा काममा लगाईएका व्यक्तिहरुलाई प्रतिष्ठानले स्वयम सेवा वापतको रकम उपलब्ध गराउन सक्नेछ।

३१. **साझेदारीमा प्रशिक्षण तथा अध्ययन अनुसन्धान सञ्चालनः** (१) संघीय सरकार वा स्थानीय तहबाट सञ्चालन हुने कुनै प्रशिक्षण, अनुसन्धान र जनशक्ति विकास सम्बन्धी कार्य साझेदारी मार्फत गर्नुपर्ने भएमा त्यस्तो कार्यक्रम प्रतिष्ठानले संघ वा स्थानीय तहसँग साझेदारी गरी सञ्चालन गर्न सक्नेछ।

(२) प्रतिष्ठानले आफ्नै स्रोत वा सार्वजनिक तथा निजी संस्थासँगको साझेदारीमा प्रशिक्षण शुल्क लिएर कुनै सार्वजनिक वा निजी संस्थाको लागि प्रशिक्षण कार्यक्रम सञ्चालन गर्न वा अध्ययन अनुसन्धान गर्न सक्नेछ।

(३) उपवनियम (१) वा (२) बमोजिम प्रतिष्ठानले साझेदारीमा प्रशिक्षण तथा अध्ययन अनुसन्धानको कार्यक्रम सञ्चालन गर्दा मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको सहमति लिनुपर्नेछ।

(४) प्रतिष्ठानले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको स्वीकृतिमा विकास साझेदारहरुसँग सहकार्य गरी प्रशिक्षण, अध्ययन अनुसन्धान तथा अन्य कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

## परिच्छेद- छ

## पाठ्यक्रम समितिः

३२. **पाठ्यक्रम समितिः** (१) प्रतिष्ठानले सञ्चालन गर्ने क्षमता विकास सम्बन्धी कार्यक्रमको पाठ्यक्रम, प्रशिक्षण विषयवस्तु र मुल्याङ्कन विधि निर्धारण गरी कार्यकारी समिति समक्ष पेश गर्न देहाय बमोजिमको पाठ्यक्रम समिति रहनेछः-

(क) कार्यकारी निर्देशक - संयोजक

(ख) मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको कम्तिमा नवौं तहको अधिकृत - सदस्य

(ग) प्रदेश लोकसेवा आयोगको कम्तीमा नवौं तहको अधिकृत - सदस्य

(घ) सामाजिक विकास मन्त्रालयको शिक्षा तथा तालिम सम्बन्धी विषय हेर्ने कम्तीमा नवौं तहको अधिकृत - सदस्य

(ङ) संयोजकले तोकेको विषय विज्ञ - सदस्य

(च) प्रतिष्ठानको प्रशासकीय अधिकृत - सदस्य - सचिव

(२) उपविनियम (१) बमोजिमको पाठ्यक्रम समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

(३) उपविनियम (१) बमोजिमको पाठ्यक्रम समितिले आवश्यक ठानेमा कुनै विशेषज्ञ वा पदाधिकारीलाई पाठ्यक्रम समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(४) उपविनियम (१) बमोजिमको पाठ्यक्रम समितिको बैठक सम्बन्धी कार्यविधि पाठ्यक्रम समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(५) उपविनियम (१) बमोजिमको समितिका सदस्य तथा आमन्त्रित सदस्यले बैठकमा उपस्थित भए वापत प्रचलित नियम अनुसारको बैठक भत्ता पाउनेछन्।

## परिच्छेद —सात

## विविध

३३. **वार्षिक प्रतिवेदनः** (१) प्रतिष्ठानले आफुले सम्पादन गरेको कामको अर्धवार्षिक समीक्षा परिषद् समक्ष र वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको दुई महिना मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समक्ष पेश गर्नु पर्नेछ।

(२) उपविनियम (१) बमोजिमको प्रतिवेदनमा अन्य कुराका अतिरिक्त प्रतिष्ठानले वर्ष भरिमा सञ्चालन गरेको प्रशिक्षण लगायतका कार्यक्रम, प्रात गरेको रकम, प्रतिष्ठानको खर्च, प्रशिक्षण कार्यक्रमबाट

भएको उपलब्धी तथा भविष्यमा गर्नुपर्ने सुधार समेतका कुराहरु समावेश गर्नुपर्नेछ।

३४. **आर्थिक कारोबारः** (१) कार्यकारी निर्देशक प्रतिष्ठानको लेखा उत्तरदायी अधिकृत हुनेछ।

(२) प्रतिष्ठानको आर्थिक कारोबार कार्यकारी निर्देशक वा निजले तोकेको अधिकृत कर्मचारी र आर्थिक प्रशासन शाखाको प्रमुखको दस्तखतबाट सञ्चालन हुनेछ।

(३) प्रतिष्ठानको खाता सञ्चालन प्रचलित प्रदेश आर्थिक कार्यविधि ऐन र सो अन्तर्गत बनेका नियमावली बमोजिम हुनेछ।

(४) प्रतिष्ठानको आम्दानी खर्चको हिसाव प्रदेश सरकारको लेखा प्रणाली बमोजिम हुनेछ।

(५) प्रतिष्ठानको आन्तरिक लेखा परीक्षण प्रदेश लेखा नियन्त्रक कार्यालय वा सो कार्यालयले तोकेको कार्यालयबाट र अन्तिम लेखा परीक्षण महालेखा परीक्षकबाट हुनेछ।

(६) अधिकार प्राप्त निकाय वा अधिकारीले प्रतिष्ठानको आय व्ययको लेखा, तत्सम्बन्धी कागजात र अन्य नगदी जिन्सी जुनसुकै बखत निरीक्षण गर्न वा गराउन सक्नेछ।

३५. **कार्य सम्पादन सम्झौताः** (१) कार्यकारी निर्देशकले प्रतिष्ठानको वार्षिक कार्ययोजना मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गर्नु पर्नेछ।

(२) कार्यकारी निर्देशकले उपविनियम (१) बमोजिमको कार्य योजनाको आधारमा प्रमुख सचिवसँग कार्यसम्पादन सम्झौता गर्नु पर्नेछ।

(३) प्रमुख सचिवले उल्लेखित सम्झौता अन्तर्गत कार्यकारी निर्देशकको कार्य सम्पादनको वार्षिक मूल्याङ्कन गर्नेछ र सो को जानकारी परिषद्लाई गराउनेछ।

३६. **प्रतिष्ठानको लोगोः** (१) प्रतिष्ठानको लोगो प्रतिष्ठानले निर्धारण गरेबमोजिम हुनेछ।

३७. **अधिकार प्रत्यायोजनः** (१) कार्यकारी समितिले गठन आदेश तथा यस विनियमावली बमोजिम आफूलाई प्राप्त भएका अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार कार्यकारी निर्देशकलाई प्रत्यायोजन गर्न सक्नेछ।

(२) कार्यकारी निर्देशकले गठन आदेश तथा यस विनियमावली बमोजिम आफूलाई प्राप्त अधिकार आफू मातहतका अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

३८. **कार्यकारी निर्देशकको नियुक्ति सिफरिस समिति** (१) प्रतिष्ठानको प्रमुखको रुपमा काम गर्न देहाय बमोजिमको सिफारिस समितिको सिफारिसमा प्रदेश सरकारले एक जना कार्यकारी निर्देशक नियुक्त गर्नेछः-

(क) प्रमुख सचिव, प्रदेश सरकार - संयोजक

(ख) प्रदेश लोक सेवा आयोगको अध्यक्ष वा निजले तोकेको आयोगको सदस्य - सदस्य

(ग) मुख्यमन्त्रीले तोकेको प्राज्ञिक क्षेत्रसँग सम्बन्धित विषय विज्ञ - सदस्य

(घ) मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सचिव - सदस्य-सचिव

(२) उपविनियम (१) बमोजिमको समितिले कार्यकारी निर्देशकको नियुक्तिको लागि गठन आदेशको दफा १३ बमोजिमको योग्यता पुगेको व्यक्ति मध्येबाट तीन जनाको नाम मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सिफारिस गर्नुपर्नेछ।

३९. **अनुसूचीमा हेरफरः** यस विनियमावलीको अनुसूचीमा परिषद्ले आवश्यकता अनुसार हेरफेर तथा थपघट गर्न सक्नेछ।

तर अनुसुची हेरफेर तथा थपघट गर्दा आर्थिक व्ययभार बढ्ने देखिएमा परिषदमा प्रस्ताव पेश गर्नु अगावै प्रतिष्ठानले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत आर्थिक मामिला तथा योजना मन्त्रालयको पूर्व सहमति लिनुपर्नेछ।

४०. **बाधा अड्काउ फुकाउने अधिकारः** यो विनियमावली कार्यान्वयन गर्दा आइपर्ने बाधा अड्काउ परिषद्ले फुकाउन सक्नेछ।

## अनुसूची

**(परिच्छेद ४ को विनियम ६,७, ८, ९ र १२ संग सम्बन्धित)**

**कार्यकारी निर्देशकको थप सुविधा**

| क सं. | सुविधाको प्रकार | इकाइ | सुविधा |
|---|---|---|---|
| १. | आवास सुविधा | मासिक | रु १५,०००/- |
| २. | सरकारी घरको व्यवस्था नभएमा शुरुमा फर्निचर व्यवस्थाको लागि | एकमुष्ट | रु ५०,०००/- |
| ३. | सञ्चारसुविधा (मोवाइल, टेलिफोन, इन्टरनेट, पत्रपत्रिका, टेलिभिजन) | मासिक | रु ५,०००/- |
| ४. | पानी, विजुली | मासिक | रु २,०००/- |
| ५. | लुगा भत्ता | बार्षिक | रु १०,०००/- |
| ६. | इन्धन | मासिक लिटर | ८० |
| ७. | मोविल | त्रैमासिक लिटर | ५ |

**आज्ञाले,**
**डा. खगेन्द्र प्रसाद सुवेदी**
**प्रदेश सचिव**



प्रकाशनः लुम्बिनी प्रदेश, आन्तरिक मामिला तथा कानून मन्त्रालय